का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ फागुन २०८०,
सोमबार
4 March 2024,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

संक्रमणकालीन न्याय

# ‘सरप्राइज’ सहमति

संक्रमणकालीन न्यायको सम्बन्धमा दलहरुबीच कुरा नमिलेको सन्देश निरन्तर प्रवाह भइरहेको पृष्ठभूमिमा संसदीय समितिमा संक्रमणकालीन न्यायसम्बन्धी विधेयकका सबैजसो विषयमा सहमति जुटेको हो ।



संक्रमणकालीन न्याय सम्बन्धी कानून बनाउने विषयमा उपलब्धि भएको छ । प्राप्त उपलब्धिअनुसार अब कार्यान्वयनमा जाने हो ।

**■ विमला सुवेदी**
**सभापति, कानून न्याय तथा मानव अधिकार समिति**



**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

संक्रमणकालीन न्याय सम्बन्धी विधेयकका अधिकांश विषयमा सहमति जुटेको छ । कानून न्याय तथा मानव अधिकार समितिकी सभापति विमला सुवेदीका अनुसार विधेयकमा केही भाषागत रुपमा मात्रै मिलाउन बाँकी रहेको छ ।

सभापति सुवेदीका अनुसार आइतबार ‘बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक’ पास गर्ने तयारीका साथ बैठक बोलाइएको थियो । तर, कानून न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले समय मागेपछि सोमबार बिहान पौने ८ बजे सम्मका लागि बैठक स्थगित भएको छ ।

आइतबारको बैठकमा यसअघि मिल्न बाँकी रहेको भनिएको चार वटा विषयमध्ये दुइटा बुँदामा सर्वसम्मति भएको छ । दुइटा विषयमा कानूनमन्त्री गुरुङले थप समय मागेपछि बैठक सोमबार बिहान पौने ८ बजे बस्नेगरी स्थगित भएको हो ।

आइतबार मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा सहमति जुटेको छ । ‘स्वेच्छाचारी रुपमा क्रूरतापूर्वक (आर्बिट्री) गरिएको हत्या’ लेख्ने कि ‘दोहोरो भिडन्तबाहेक गरिएको हत्या’ भनी लेख्ने विषयमा यसअघि दलहरुका बीचमा मत मिलेको थिएन । आइतबार यो विषयमा समिति सहमति जुटेको हो ।

कानून न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङका अनुसार अब मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा ‘ नियतवश स्वेच्छाचारी रुपमा क्रूरतापूर्वक (आर्बिट्री) गरिएको हत्या’ लेखिनेछ ।

सशस्त्र द्वन्द्वको क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरुलाई सम्बोधन गर्ने विषयमा पनि संसदीय समिति सहमतिमा पुगेको छ । विधेयकमा ‘बाल सेना राख्ने कि नराख्ने’ भनी आएको यो विषय सम्बोधन गर्न कानून समितिले ‘सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्ति (तत्कालीन विद्रोही र तत्कालीन राज्य पक्ष)’ भनेर लेख्ने भएको छ ।

‘मानव अधिकारको उल्लघंनको घटनामा मेलमिलापको लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ?’ भन्ने विषयमा सरकारको सहमति बाँकी छ ।

एमालेले स्वतन्त्र सहमति नभए अदालती प्रक्रियामा जान सक्ने गरी बाटो खोल्नुपर्ने बताएको छ । यसमा सहमत हुन नसके संक्रमणकालीन न्याय सम्बन्धी मुद्दा हेर्ने विशेष इजलासमा निवेदन दिन सकिने व्यवस्था राख्न पृष्ठ २ मा

# नैतिकताको कठघरामा मुख्यसचिव

भ्रष्टाचार जस्तो गम्भीर आरोपमा अख्तियारले बयान लिइसक्दा समेत मुख्यसचिव अर्याल पदमा बहाल छन् । यस सन्दर्भमा सार्वजनिकरुपमा समेत प्रश्न उठिरहेको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २० फागुन ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अधिकारीहरुका अनुसार मुख्यसचिव बैकुण्ठ अर्याल बिभिन्न भ्रष्टाचार मुद्दाका सन्दर्भमा अनुसन्धानमा तानिएका छन् । अनुसन्धानमा रहेका कारण उनी अख्तियारको निरन्तर निगरानीमा छन् ।

अख्तियारले निगरानीमा राखेपछि नै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजीनामा दिन सुझाएका बताइन्छ । मुख्यसचिवलाई पदमा बहाल रहँदा नै अदालतमा मुद्दा दायर हुने अवस्था आउन नदिनका लागि र नैतिकता समेतका आधारमा राजीनामा दिन सुझाएका हुन् । तर, भ्रष्टाचार जस्तो गम्भीर आरोपमा अख्तियारले बयान लिइसक्दा समेत मुख्यसचिव अर्याल पदमा बहाल छन् । यस सन्दर्भमा सार्वजनिक रुपमा समेत प्रश्न उठिरहेको छ ।

मुख्यसचिव मुछिएको सबैभन्दा ठूलो विषय हो- टेरामक्स प्रविधि खरिद प्रकरण । मुख्यसचिव अर्याल लगायतका मन्त्रीहरु संलग्न भएको भनिएको यो प्रकरणको अनुसन्धान अख्तियारले अन्तिम चरणमा पुर्‍याएको छ ।

गतसाता मात्रै मुख्यसचिव अर्यालले अख्तियारको कार्यालयमा पुगेर बयान दिएका थिए । त्यतिबेला नै मुख्यसचिव पदमा रहदा गलत सन्देश जाने भन्दै उनलाई प्रधानमन्त्रीले निकास दिन सुझाव दिएका थिए ।

टेलिकम कम्पनीहरुको गेट-वे छलेर हुने कल बाइपास र राजस्व चुहावट नियन्त्रणका लागि टेरामक्स प्रणाली खरिदसम्बन्धी अनियमिततामा मुख्यसचिव अर्याल सहित तीन पूर्वमन्त्रीहरु जोडिएका छन् ।

त्यो फाइलको अनुसन्धान टुंग्याइसकेको अख्तियारले विकल पौडेल र सुनिल पौडेललाई पक्राउ गरेर सम्पत्ति छानविनका क्रममा मुख्यसचिव अर्याल जोडिएको कारोवारको केही विवरण फेला पारेको थियो । पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# यूएईको दुबईमा कन्सुलर कार्यालय जरुरी

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
यूएई, २० फागुन

विभिन्न कारणले पुग्ने नेपालीको संख्या बढ्दै जाँदा यूएईको दुबईमा कन्सुलर कार्यालयको माग बढेको छ । यूएईको दुबई तथा बरदुबई क्षेत्रमा वैदेशिक रोजगारी, भिजिट वा व्यवसायका लागि गएका नेपालीको उपस्थिति दिन प्रतिदिन बाक्लिँदै गएको छ ।

नेपाली कामदार र व्यवसायीले मात्रै नभएर नेपालबाट औपचारिक भ्रमणमा जाने मन्त्रीदेखि प्रधानमन्त्रीसम्म तथा यूएईस्थित नेपाली दूतावासले पनि दुबईमा कन्सुलर कार्यालयको माग गर्ने गरेको छन् । विदेशमा रहने नेपालीले नयाँ राहदानी बनाउने र नवीकरण गर्ने, ट्राभल्स डकुमेन्ट बनाउने, मागपत्र प्रमाणीकरण गर्ने, अधिकृत वारेसनामा प्रमाणित गर्ने, मृतकको शव स्वदेश पठाउने, क्षतिपूर्तिका लागि पहल गर्नेलगायतका सेवा प्रदान गर्ने गरेको छ । त्यसमध्ये राहदानी नवीकरणको काम पछिल्ला महिनामा ठूलो संख्यामा हुने गरेको छ ।

यूएईका लागि नेपाली राजदूत तेज बहादुर क्षेत्री दुबईमा कन्सुलर कार्यालय स्थापनाका लागि नेपाली उच्चस्तरीय प्रतिनिधिहरुका सबै भ्रमणमा यस विषयमा पटक-पटक आग्रह गरेको र बजेट विनियोजनका लागि परराष्ट्र मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पनि लिखत अनुरोध गरिएको बताउँछन् । राजदूत क्षेत्रीले यूएईमा कामदारको संख्या बढेसँगै राहदानी नवीकरण गर्नेहरु बढेका कारण पनि सेवा प्रवाहमा चाप रहेको बताए ।

दुबईमा कन्सुलर कार्यालय स्थापना भएमा दूतावासले प्रदान गर्ने सेवा लिनका लागि अबुधाबीसम्म जाने यातायात खर्च र समयको बचत भइ नेपालीलाई राहत हुने पनि राजदूत क्षेत्रीले मध्यान्हलाई बताए ।

## ‘कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने मान्यताबाट मुक्त हुनुपर्छ’

**नुवाकोट/रासस–** अर्थमन्त्री डा. प्रकाशरण महतले कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने मान्यताबाट मुक्त हुनुपर्ने बताएका छन् । नुवाकोटको शिवपुरी गाउँपालिका-४ सिक्रेस्थित स्याउरीभूमे माध्यमिक विद्यालयको ४१औं वार्षिकोत्सव तथा अभिभावक भेलालाई आइतबार सम्बोधन गर्दै अर्थमन्त्री महतले ग्रामीण क्षेत्रको विकासका निम्ति सरकार प्रतिबद्ध रहेको बताए ।

देशमा रोजगारीका अवसर सिर्जना तथा शैक्षिक रुपान्तरणका माध्यमबाट उन्नयनको मार्गमा अग्रसर हुन सहज हुने भन्दै अर्थमन्त्री महतले भने, ‘कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने मान्यताबाट मुक्त हुनुपर्छ ।’

अर्थमन्त्री महतले गाउँगाउँमा विकास र शैक्षिक गुणस्तरमार्फत युवा वर्गलाई रोजगारीमा केन्द्रित गराउने योजना तथा बजेट कार्यान्वयनमा पृष्ठ २ मा

# गठबन्धनमा हलचल

आइतबार दिनभर प्रमुख राजनीतिक दलका शीर्ष नेताहरु दौडधुपमा रहे । नेताहरुको दौडधुपले सत्ता गठबन्धनमा हलचल आएको संकेत गरेको कतिपयको बुझाइ छ । तर नेताहरु निर्णायक संवाद हुन बाँकी रहेको बताउँछन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

सत्ता गठबन्धनमा रहेका राजनीतिक दलहरुका बीचमा विश्वासको कमी आएको छ । प्रधानमन्त्री समेत रहेका सरकारको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सार्वजनिक रुपमै पछिल्लो समय सत्ता गठबन्धनको प्रमुख घटक नेपाली कांग्रेसको व्यवहार फरक ढंगले विकसित भएको बताएपछि प्रमुख विपक्षी नेकपा एमालेले सक्रियता बढाएको छ ।

यही पृष्ठभूमिमा आइतबार दिनभर प्रमुख राजनीतिक दलका शीर्ष नेताहरु दौडधुपमा रहे । नेताहरुको दौडधुपले सत्तागठबन्धनमा हलचल आएको संकेत गरेको कतिपयको बुझाइ छ । तर नेताहरु निर्णायक संवाद हुन बाँकी रहेको बताउँछन् ।

राष्ट्रिय सभाको अध्यक्ष कांग्रेसलाई दिने सहमति चुनाव अघि भएको भए पनि अहिले सो पदमा माओवादी केन्द्रले दाबी गरेपछि यी दुई पार्टीबीच विश्वासमा कमी आएको बताइन्छ । यो विश्वासको कमी मन्त्रिपरिषद पुर्नगठनसम्म मात्रै रहने कतिपय नेताहरुको बुझाइ छ । प्रधानमन्त्री प्रचण्डले सरकारको नेतृत्व गरेको एक वर्ष पुगेको अवसरमा कतिपय मन्त्री फेरेर काममा रफ्तार ल्याउने बताएका थिए । प्रधानमन्त्रीले चाहँदा मन्त्री समेत फेर्न नसकेको भन्ने टिप्पणी बीच सत्ता गठबन्धनमा हलचल आएको बताइएको हो ।

सत्ता गठबन्धनमा रहेका प्रमुख दुई दलका बीचमा विश्वासमा कमी रहेका बेला एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री अध्यक्ष प्रचण्डसँग नजिकिएका छन् । आइतबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा एमाले अध्यक्ष ओली र रास्वपा अध्यक्ष रवि लामिछानेले समेत पुगेर प्रधानमन्त्री प्रचण्डसँग कुराकानी गरेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवाले पनि प्रधानमन्त्रीसँग छलफल गरेका छन् ।

सभापति देउवाले पार्टीका तर्फबाट सरकारमा रहेका मन्त्रीहरुसँग समेत छलफल गरेका छन् । यही बेला परराष्ट्रमन्त्रीको फिनल्याण्ड भ्रमण नै स्थगित भएको छ । परराष्ट्र मन्त्रालयले दुई लाइनको विज्ञप्ति निकालेर भ्रमण स्थगित भएको जनाएको छ ।



वर्तमान सत्ता गठबन्धन आफैंभित्रका समस्याहरुले, अन्तरविरोधले चर्मराइरहेको छ । कुनैपनि बेला टुट्न, फुट्न सक्छ ।

**■ विष्णु पौडेल**
**उपाध्यक्ष, एमाले**

एमाले नेताहरुले निरन्तर रुपमा सत्तागठबन्धन टुट्नसक्ने बताइरहेका छन् । आइतबार जनकपुर पुगेर एमाले उपाध्यक्ष विष्णु पौडेलले वर्तमान सत्तागठबन्धन आफ्नै कारणले भत्किने बताएका थिए । ‘गठबन्धनभित्रका तमासाहरु हामी देखिरहेका छौं । त्यो कुन रुपमा विकसित हुन्छ हेरिरहेका छौं’ उनले भनेका छन्, ‘यो गठबन्धन आफैंभित्रका समस्याहरुले, अन्तरबिरोधले चर्मराइरहेको छ । कुनैपनि बेला टुट्न, फुट्न सक्छ ।’

**Urgently Required**
A reputed Recruiting Agency is seeking following position.
1. Marketing Officer : 2 (M/F)
2. Documentation Officer : 2 (M/F)
3. Receptionist : 2 (F)
4. Public Relation Officer : 2 (M/F)
**Req. :** +2 Passed, Computer, Internet & Basic English is mandatory.
**Salary:** Rs.17,000 to 35,000
***Send CV to :*** *cvtimesmanpower944@gmail.com*
*We will email you for the final interview date.*
TMS
Govt. Lic. No.: 944/067/68
Times Management System Pvt. Ltd.
Bansbari, Kathmandu-3, Nepal
Tel: 01-5906211, 9802354881

# न्याय प्रदानमा महादेवा न्यायिक समिति जिल्लामै अब्बल

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २० फागुन



महादेवा गाउँपालिकाको न्यायिक समितिले जिल्लामै अग्रस्थानको रुपमा न्याय निरुपण गरिरहेको पाइएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय तह समन्वय शाखाले पोखरास्थित फागुन १० गतेदेखि दुई दिने न्याय सम्पादनमा असल अभ्यास विषयक कार्यशालामा जिल्लाबाट महादेवा गाउँपालिका मात्रै छनौट भएपछि न्याय सम्पादनमा यो पालिकाले जनविश्वास बढाउँदै लगिएको देखाउँछ ।

सो कार्यशालामा मधेश प्रदेशबाट पाँच वटा स्थानीय तह छनौट भएकोमा सप्तरी जिल्लाबाट महादेवा गाउँपालिका मात्रै छनौटमा पर्न सफल भएको हो ।स्थानीय तह निर्वाचन २०७९ मा निर्वाचित गाउँपालिका उपाध्यक्ष अर्चना कुमारी यादवको सक्रियताले यस पालिकाले न्याय निरुपणमा जिल्लाकै पालिकाहरुमा उत्प्रेरक पालिका बनेको हो ।

विगतमा वडा स्तरीय मेलमिलापकर्ताहरुद्वारा सक्रियताका साथ न्यायिक सम्पादन नभएको कारण प्रभावकारी हुन नसकेको उक्त पालिकाको न्यायिक समितिले उपाध्यक्ष यादवको नेतृत्वमा सुधारोन्मुख रहेको चर्चा परिचर्चा जनसमुदायमा हुन थालेको छ ।

उपाध्यक्ष यादवको संयोजकत्वमा न्यायिक समिति गठन भएपछिको पहिलो आर्थिक वर्ष २०७९/०८० मा मात्रै पाँच वर्षको तुलनामा पाँच गुणा बढी मुद्दा फर्छ्यौट गरेको तथ्यांकले देखाउँछ । शुरूवाती आर्थिक वर्षमा जम्मा ३८ वटा नयाँ मुद्दा मात्रै दर्ता भएको पाइएको छ । जसमा ६० वटा पुरानो मुद्दा विगतको मुद्दाको रुपमा सरेर आएको देखिन्छ । उपाध्यक्ष यादवको नेतृत्वको न्यायिक समितिले नयाँ र सरेर आएको पुरानो गरी जम्मा ९८ वटा मुद्दामध्ये ७३ वटा मुद्दा फर्छ्यौट गरिसकेको छ ।

विगतको समय दर्ता भएका मुद्दाहरु फर्छ्यौटको स्थिति देख्दा आर्थिक २०७७/०७८ मा ३६ वटा नयाँ मुद्दा दर्ता र आठ वटा पुरानो गरी जम्मा ४४ वटा मुद्दामध्ये तीन वटा मुद्दा मात्रै फर्छ्यौट भएको पाइन्छ । त्यस्तै,आर्थिक वर्ष २०७८/०७९ मा २५ वटा नयाँ मुद्दा दर्ता भएको थियो । यस वर्ष ४१ वटा पुरानो मुद्दा सरि आएकोसमेत गरी ६६ वटा मुद्दामध्ये जम्मा ६ वटा मुद्दा मात्रै फर्छ्यौट गर्न सकेको थियो ।

'पालिकामा विगतका समयमा मुद्दाहरु दर्ता हुने गरेको भएता पनि इजालस व्यवस्थापन व्यवस्थित नरहेका कारण समयमा न्याय सम्पादनमा कठिनाइ उत्पन्न हुने गरेको थियो । मेरो नेतृत्वमा न्यायिक समिति सुधार भइरहेको छ, उनले भनिन्,'तर अहिले इजालस व्यवस्थापनका लागि बजेट विनियोजन गरि व्यवस्थित इजलास सञ्चालनमा आएपछि आर्थिक अवस्था कमजोर भएकाहरूले समयमा सहज र सरल रुपमा न्याय पाइरहेको छ ।'

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ र २ बमोजिमको क्षेत्राधिकारभित्रको विवाद तथा मुद्दाहरुको न्याय सम्पादनमा असल अभ्यास गरिरहेको यस पालिकाले यहाँका जनताहरुको न्यायमा पहुँचमा जनविश्वास प्राप्त गरिरहेको छ ।

# 'महिनावारी विभेद महिलामाथिको हिंसा हो'



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २० फागुन

महिनावारीका कारण हुने विभेद नै महिलामाथिको हिंसा भएको लेखक तथा सामाजिक अभियन्ता राधा पौडेलले बताएकी छन् । 'सबैले मर्यादित महिनावारी, हामी सबैको जिम्मेवारी' भन्ने सोचको विकास नभए सम्म छोरी, बुहारीमाथि हुने हिंसा नरोकिने उनले बताइन् ।

नेपाल पत्रकार महासंघ जुम्लाको समन्वयमा र पेसा नेपाल जुम्लाको आयोजनामा मर्यादित महिनावारी सम्बन्धी पत्रकारबीचको अन्तरक्रिया कार्यक्रममा अभियन्ता पौडेलले कतै सबैले देख्ने गरी महिनावारी विभेद छ भने कतै नदेखिने गरी रहेको बताइन् । उनले भनिन्,'यो आफैंमा यौनिक तथा लैंगिक हिंसा हो, यो मानव अधिकारको हनन् पनि हो ।'महिनावारी विभेदले सानै उमेरदेखि नै असमान शक्ति वितरण तथा पितृसत्तालाई सवलीकरण गर्ने काम गर्ने भएकाले जुम्लाका पत्रकारले मर्यादिन महिनावारीका विषयमा नागरिकलाई सचेता गराउन उनले अनुरोध गरिन् । उनले महिनावारीका कारण छोरीहरु अपहेलित, कमजोर ठान्ने हाम्रो समाजमा महिनावारीको समयमा बगेको रगत स्वच्छ हो भन्न हरेक मानिसले सक्नुपर्ने बताइन् ।

कर्णाली क्षेत्रमा महिनावारी हुँदा छुई वा छाउपडी भन्ने शब्दनै गलत भएकाले पहिले मर्यादित महिनावारी भन्ने शब्दका लागि सचेतना जगाउनुपर्ने आवश्यकता रहेको उनले बताइन् । अभियन्ता पौडेलले महिनावारी विभेदले संवैधानिक रुपमा महिलाहरुलाई प्रदान गरिएका करिब १ दर्जन भन्दा बढी अधिकारको हनन् भएको औंल्याइन् । एक दशक अघि जुम्लाबाट सामाजिक क्षेत्रमा काम गर्न थालेकी पौडेलले २०५८ साल कात्तिक २८ गते तत्कालिन नेकपा माओवादीबाट जुम्ला आक्रमण गर्दाको दिनको डायरीलाई खलंगामा हमला नामक पुस्तक समेत लेखर मदन पुरस्कार पाएकी थिइन् ।

त्यस्तै पौडेलसँगै क्यानडाका लागि उरुग्वेका पूर्व राजदूत जोवनी फापियर, नेपालमा सामाजिक क्षेत्रको अध्ययन गर्न स्वीजरल्याण्डका पीएचडी अध्ययनरत विद्यार्थी ईभा मार्टी सहितको टोलीले जुम्लामा महिनावारीको सामाजिक सोंच र अवस्थाको विषयमा अन्तरक्रिया गरेको छ । त्यस्तै उरुग्वेका राजदूत तथा क्यानडा निवासी फापियरले महिनावारीको विषयमा आफ्नो लगायत विकास मुलुकमा पनि विभिन्न तरिकाले परिभाषित गरिँदै आएको बताइन् ।

त्यस्तै नेपाल पत्रकार महासंघ जुम्लाका अध्यक्ष नेत्रबहादुर शाहीले मर्यादित महिनावारीको विषयमा सकारात्मक सचेतना दिन मिडियाको तर्फबाट सँधैभरी तयार भएको बताए । उनले महिनावारी नै महिलाको जीवन प्रयन्त नै असर गरिरहेको बताए ।

त्यस्तै पेश नेपालका कार्यकारी निर्देशक किशोर न्यौपानेले कर्णालीमा सामाजिक अभियानमा राधा पौडेलको योगदान महत्वपूर्ण रहेको बताए । उनले भने,'जुम्लामा मर्यादित महिनावारीको विषयमा विभिन्न समयमा चर्चा भइरहेको छ । तर महिनावारी विभेद महिलाहरुमाथि हुने एक प्रकारको हिंसा भएका कारण स्थानीय सरकारले नै अपनत्व लिनु पर्ने हो ।'

# अखिल भारत नेपाली एकता मञ्चद्वारा शहीद सप्ताह विशेष कार्यक्रम सम्पन्न

**रमा थापा/मध्यान्ह**
भारत, २० फागुन

अखिल भारत नेपाली एकता मञ्च लुधियाना नगर समितिले शहीद सप्ताह विशेष कार्यक्रम सम्पन्न गरेको छ ।

जनयुद्धका प्रथम शहीद दिल बहादुर रम्तेल लगायत जनयुद्धको क्रममा विभिन्न समयमा भारतबाट सहादत गर्ने गन्जु परियार, भरत गुरुङ, प्रकाश तामाङ, अमर नेपाली, प्रेम थापा,विजय सुवेदी, माधव घिमिरे लगायत महान जनयुद्धको क्रममा देश र जनताको मुक्ति र परिवर्तनका निम्ति आफ्नो अमुल्य जीवन अर्पण गर्ने सम्पूर्ण शहीदहरुको विशेष सम्झनासहित सम्मान स्वरुप तस्बिरमा माल्यापर्ण गरी मनाइएको हो ।

कार्यक्रममा अखिल भारत नेपाली एकता मञ्चका केन्द्रीय सचिवालय सदस्य तथा दक्षिण एसिया समन्वय समिति सदस्य चित्र बहादुर परियारको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रमको अध्यक्षता लुधियाना महिला नगर समिति अध्यक्ष उमा वि.कले गरेकी थिइन् ।

यस्तै कार्यक्रमका अतिथिहरुमा मञ्चका केन्द्रीय सदस्य तथा लुधियाना नगर इन्चार्ज पदम केसी, केन्द्रीय सदस्य तथा लुधियाना महिला नगर समिति इन्चार्ज मेनुका बराल, लुधियाना नगर समितिका उपाध्यक्ष तथा जीवन नगर एरिया इन्चार्ज टीकाराम वि.क रहेका थिए । उक्त कार्यक्रमको सञ्चालक लुधियाना नगर समिति अध्यक्ष बाबुराम वि.कले गरेका थिए भने स्वागत मन्तव्य लुधियाना महिला नगर समिति सल्लाहकार कमला गुरुङले राखेकी थिइन् ।

उक्त कार्यक्रमकै अवसरमा खुश्वु वि.कको अध्यक्षतामा १३ सदस्यीय जीवन नगर एरिया समिति समेत गठन गरिएको छ ।

# कर्मचारीहरुको अधिकारका लागि राज्य गम्भीर नभएको आरोप

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २० फागुन

नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीको संगठन विस्तार तथा सुदृढीकरण अभियान अन्तर्गत अन्तरक्रिया कार्यक्रम सन्धिखर्कमा सम्पन्न भएको छ ।

अर्घाखाँचीका अध्यक्ष दिपक पाण्डेको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस अर्घाखाँचीका पार्टी सभापति केशव श्रेष्ठ रहेका थिए ।

कार्यक्रममा नेपाल निजामती कर्मचारी युनियनका केन्द्रीय बरिष्ठ उपाध्यक्ष उत्तम कटुवाल, महासचिव जनक रावल, उपमहासचिव इन्दु शर्मा, केन्द्रीय सचिव प्रकाश भट्टराई, केन्द्रीय सदस्य नबिन पन्थी र बिनोद अधिकारी, आधिकारिक ट्रेड युनियन अर्घाखाँचीका अध्यक्ष कृष्ण बर्मा लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस अर्घाखाँचीका पार्टी सभापति श्रेष्ठले पाटी र नेपाल निजामती कर्मचारी युनियनको बीचमा सुमधुर सम्बन्ध रहेको बताए । सभापति श्रेष्ठले नेपाल निजामती कर्मचारी युनियनमा आबद्ध भएकै कारण जिल्लामा कसैले कर्मचारीलाई दुःख दिएमा त्यस्तो अवस्थामा पार्टी चुप लागेर नबस्ने चेतावनी दिए ।

कार्यक्रममा बोल्दै नेपाल निजामती कर्मचारी युनियनका बरिष्ठ उपाध्यक्ष उत्तम कटुवालले कर्मचारीहरुको हकहितको लागि अग्रपंक्तिमा रहेर नेपाल निजामती कर्मचारी युनियनले आफ्ना गतिविधि सञ्चालन गरिरहेको बताए । उनले अहिलेसम्म सरकारले संघीय निजामती ऐन, प्रदेश निजामतीमा ऐन र स्थानीय निजामती ऐन ल्याउन नसक्दा थुप्रै कर्मचारीहरुको वृद्धि विकास रोक्नु दुःखद भएको बताए ।

कार्यक्रममा निजामती कर्मचारी युनियनका केन्द्रीय महासचिव जनक रावलले सरकारले आफुहरुको माग सम्बोधन गर्न लागि रहेको हुनाले अब लामो समय कर्मचारीहरुको वृद्धि विकासको लागि अन्योलको अवस्था नरहने बताए । कार्यक्रममा उपमहासचिव इन्दु शर्माले कर्मचारीहरुको हक अधिकारका लागि आफुहरु लडिरहेको जानकारी दिए । केन्द्रीय सदस्य नवीन पन्थिले युनियनको इतिहास ट्रेड युनियन आन्दोलन र अबको कार्यदिशाको विषयमा जानकारी गराएका थिए ।

# कांग्रेस सानीभेरी गाउँपालिका-५ को नयाँ कार्यसमिति गठन




**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २० फागुन

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका वडा नम्बर ५ मा नेपाली कांग्रेसको वडा सम्मेलन सम्पन्न भएको छ । वडा सम्मेलनबाट नयाँ कार्यसमिति गठन भएको छ । नेपाली कांग्रेसका वडा उपसभापति पहलसिंह खत्रीको अध्यक्षतामा प्रथम वडा सम्मेलन सम्पन्न भएको नेपाल विद्यार्थी संघका नेता दिपेन्द्रराज कुसारिले जानकारी दिए ।

वडा सम्मेलनबाट नरबहादुर खत्रीको सभापतित्वमा २१ सदस्य नयाँ कार्यसमिति गठन भएको छ । जसको उपसभापतिमा पहलसिंह खत्री, रते खत्री, सचिवमा शैलेन्द्र बाँठामगर, हिरालाल बाँठामगर, सहसचिवमा रतिराम खत्री र कोषाध्यक्षमा बिमला गौतम केसी रहेका छन् । नेपाली कांग्रेस जिल्ला कार्यसमिति सदस्य तुल्सीराम बुढाथोकीको प्रमुख आतिथ्यतामा भएको सम्मेलनमा कांग्रेस प्रदेश प्रतिनिधि कर्ण बहादुर डाँगी, सानीभेरी गाउँपालिका उपसभापति गमरसिंह जैसी, नेपाल तरुण दल सानीभेरी गाउँपालिका सचिव अजय बाँठा मगरलगायतको सहभागिता रहेको थियो ।

# महिलाहरुलाई सरसफाइ सामग्री उत्पादन र बजारीकरणको तालिम

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० फागुन

रौतहटको चन्द्रपुर नगर क्षेत्रमा रहेका महिलाहरुलाई सरसफाइ सामग्री बनाउने सीप तथा उद्यमशिलता तालिम प्रदान गरिएको छ ।

फागुन १३ गतेदेखि चन्द्रपुरको होटल अल्पाइनमा सञ्चालन भएको सात दिने तालिममा महिलाले सरसफाइ सामग्री उत्पादनदेखि व्यवसाय दर्ता र बजारीकरणसम्मको ज्ञान हासिल गरेका छन् ।

सफल बचत तथा ऋण सहकारी संस्था लि.को आयोजना तथा शुभ लक्ष्मी ल्यावोटिज बुटवल रुपन्देहीको प्रविधिक सहयोगमा उनीहरुले तालिम पाएका हुन् । सीप सिकेकी चन्द्रपुरकी स्वस्तीका ढकालले सात दिन सिकेको सीप जीवन्त रहने बताइन् ।

तालिममा सीप मात्र नभइ व्यवसाय दर्ता, बजारीकरण र उद्यमशिलता विषयमा सिक्ने अवसर पाएको उनले बताइन् । यहाँ सिकेका सीपलाई व्यवहारमा ल्याउन जरुरी रहेको उनको भनाइ छ । अब महिला उद्यमशिल बन्न आवश्यक रहेको उनको भनाइ छ ।

तालिममा हेण्ड वास, डिक्स, ट्वाइलेट क्लीनर, फिनेल र ग्यास क्लीनर उत्पादन गरिएको छ । तालिम अवधीभरमा ३ हजार ५ सय बोटल उत्पादन भएकाले सामग्री बजारीकरणको बारेमा छलफल समेत गरिएको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथी मधेश प्रदेश सभा सदस्य युवराज भट्टराईले सहकारीमा आवद्धता भएका महिलाहरुले उत्पादन गरेको सरसफाइ सामग्रीको प्याकेजिङ्ग प्रशंसनिय रहेको बताए । यसको गुणस्तरीयता मापन गरिसकेपछि बजारमा बिक्री गर्न सकिने उनको भनाइ छ । अहिले बजारमा यस किसिमको सामग्रीको माग उच्च भएकाले बजारीकरणमा समस्या नहुने उनको तर्क छ ।

यद्यपी आफुले समेत यसको बजारीकरणमा सहयोग गर्ने उनले बताए । आयोजक संस्थाकी अध्यक्ष समेत रहेकी देवकी नेपालले उत्पादित सरसफाई सामग्रीको मुल्य र बजारीकरणको विषयमा आवश्यक छलफल गरेर अघि बढ्ने बताइन् । उत्पादन, बजारीकरण र उत्प्रेरक विषयमा छलफल गरेर निर्णय लिइने उनको भनाइ छ । सहकारीलाई उत्पादनसँग जोड्न आवश्यक भएकाले यो कार्य थालेको उनले बताएकी छिन् ।

## संक्रमणकालीन

सकिने विकल्प एमालेका सचेतक महेश बर्तौलाले समितिको बैठकमा राखे ।

'स्वतन्त्र सहमति अनिवार्य हुने भयो । स्वतन्त्र सहमति हुन नसके मुद्दामा जान सक्ने बाटो खुला गरौं । सरकार यसमा तयार छैन भने संक्रमणकालीन न्याय हेर्ने विशेष इजलासमा निवेदन दिन सक्ने व्यवस्था राखौं' सचेतक बर्तौलाले भने । यसो गर्दा पीडितले न्याय पाउने बाटो बन्द नभएको रुपमा बुझ्ने र संक्रमणकालीन न्याय सहज ढंगले टुंगिने उनले बताए ।

एमालेको यस्तो प्रस्तावमा माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले पनि समर्थन जनाए । तर, कानुनमन्त्री गुरुङले घटी सजायको विषयमा निर्णयमा पुग्न सरकारलाई समय चाहिने बताएपछि निर्णय हुन नसकेको हो ।

नेताहरुका अनुसार आइतबार समितिको बैठक अगाडि अगाडि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग छुट्टाछुट्टै छलफल गरेका थिए । समिति सभापति सुवेदीले शीर्ष नेताहरुसहित प्रमुख दलका प्रमुख सचेतक र सचेतकहरुसँग छुट्टाछुट्टै संवाद गरेकी थिइन् ।

शीर्ष नेताहरुको संवाद लम्बिएका कारण बिहान साढे ११ बजे बोलाइएको समितिको बैठक डेढ घण्टापछि मात्रै शुरु भएको थियो । त्यसअगाडि एमालेका सचेतक महेश बर्तौला सहितका नेताहरु पार्टी अध्यक्ष ओलीसँग उनकै निवास बालकोट पुगेर आएका थिए । कांग्रेसका प्रमुख सचेतक रमेश लेखक सहितका नेताहरु सभापति शेरबहादुर देउवा र अन्य नेताहरुसँग संवाद गरेर आएका थिए भने पूर्णबहादुर घर्तीसहितका माओवादी नेताहरु प्रधानमन्त्रीसँग निरन्तर संवादमा थिए ।

नेताहरुको छुट्टाछुट्टै छलफल र शीर्ष सहमति भएकाले आइतबार संक्रमणकालीन न्यायमा सहमति जुटेको हो । नेताहरुको निरन्तरको संवादले संक्रमणकालीन न्यायको सम्बन्धमा दलहरुका बीचमा कुरा नमिलेको सन्देश निरन्तर प्रवाह भइरहेका बेला संक्रमणकालीन न्याय सम्बन्धी विधेयकका सबैजसो विषयमा सहमति जुटेको हो ।

समिति सभापति सुवेदी संक्रमणकालीन न्यायमा ठूलो उपलब्धी भएको बताउँछिन् । उनी भन्छिन्, 'संक्रमणकालीन न्याय सम्बन्धी कानुन बनाउने विषयमा उपलब्धी भएको छ । प्राप्त उपलब्धी अनुसार अब कार्यान्वयनमा जाने हो ।'

## नैतिकताको...

अख्तियारका अधिकारीहरुका अनुसार मुख्यसचिव अर्याल संलग्न भएका भनिएका पाँचवटा भ्रष्टाचारका उजुरीमा अख्तियारले अनुसन्धान गरिरहेको छ । टेरामक्स प्रणाली खरिदको विषयमा मुख्यसचिव अर्यालले अख्तियारमा पुगेर बयान दिएको एक महिनाभन्दा बढी भइसकेको छ ।

अख्तियारले नै विशेष अदालतमा पेश गरेको कागजात अनुसार, राष्ट्रिय भुक्तानी प्रणाली स्थापनाको पहिलो चरणको कामकारवाहीमा मुद्दा दायर भए पनि दोस्रो चरणको खरिदको फाइलमा अनुसन्धान भइरहेको छ । दोस्रो लटको काममा तत्कालीन सञ्चार सचिवका हैसियतले अर्यालले केही निर्णयहरु गरेका थिए ।

तर, भ्रष्टाचार जस्तो गम्भीर आरोपमा अख्तियारले बयान लिइसक्दा समेत मुख्यसचिव अर्याल पदमा बहाल छन् ।

## यूएईको ...

सरकार केन्द्रित रहेको पनि बताए । 'गाउँगाउँमा उत्पादन बढाएर गाउँका सहरमा पुर्‍याउनुपर्छ,' उनले भने, 'पूर्वाधारको विकास र प्राविधिक-आधुनिक शिक्षामार्फत नयाँ फड्को मार्ने प्रयासमा सरकार केन्द्रित छ ।'

युवालाई आफ्नै गाउँमा टिकाउन रोजगारको सिर्जनाका लागि पूर्वाधार विकास र गुणस्तरीय शिक्षा नै पहिलो आधार भएकाले सोहीअनुसार सरकारले नयाँ-नयाँ योजना कार्यान्वयनमा ल्याएको अर्थमन्त्री महतले बताए ।

'अहिले विकासको रफ्तार शुरु भएको छ । गाउँगाउँमा सडकसहितको पूर्वाधारको विकास र कृषिको आधुनिकीकरण र यन्त्रिकरणबाट उब्जनीलाई बढावा दिँदै ती सामग्री शहरमा पुर्‍याउनुपर्छ,' उनले भने, 'सडकसहित सिँचाइ, खानेपानीलगायत ग्रामीण पूर्वाधार विकासमा चालु आर्थिक वर्षदेखि सरकारले प्राथमिकता दिएकाले मुलुकमा विकासले नयाँ फड्को मार्ने चरणमा प्रवेश गरेको छ ।'

लामो समयसम्म शिथिल बनेको देशको अर्थतन्त्रमा सुधार हुँदै गएको तथा गाउँमै केही गर्न सकिन्छ भन्ने उद्यमी पनि रहेका दृष्टान्त प्रस्तुत गर्दै अर्थमन्त्री महतले भने, 'सुधारिएको अर्थतन्त्रले रोजगारी र उद्यमी बढ्ने क्रममा छन्, पूर्वाधार निर्माण, गुणस्तरीय शिक्षाको व्यवस्था गरेर सरकारले गाउँ केन्द्रित नयाँ कार्यक्रम सञ्चालनमा जोड दिइएको छ ।' उनले व्यावसायिक कृषिमा लाग्न स्थानीय किसानलाई सुझाव पनि दिए ।

**युएईमा रोजगार ।** कम्पनी: S N G EMPLOYMENT SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/१६ चलानी नं.: ६०२१४१११ L.T. No.: 299117 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 94 | 50 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Labor | 50 | 0 | | 800 | २८,८२४ | | | | | | | |

कम्पनी: POWER RECRUITMENT LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/१४ चलानी नं.: ६०२१३८५२ L.T. No.: 298892 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 281 | 0 | स. काममा दक्ष | 800 | २८,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: PROFILE RECRUITMENT-SOLE PROPRIETORSHIP LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५०३७ L.T. No.: 300076 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 252 | 0 | स. काममा दक्ष | 800 | २८,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २२ गते (5 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Al Zahra Human Resources Consultancy Private Limited**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586367 | 4586366
Mob.: 9818286358 | 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com
Gov. Lic No.: 1657/080/081

**साउदीमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : SAEED BIN ALI BIN MATAR AL ZAHRANI GENERAL CONTRACTING ESTABLISHMENT शहर: Jeddah
पूर्व स्वीकृत मितिः २०८०/११/२० चलानी नं.: ६०२१५९०४ LT. No.: 301043

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asphalt Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,५२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | heavy Truck Driver | 2 | 0 | | 1800 | ६३,५२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २८ गते (9 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Lulu International Pvt. Ltd.**
Kathmandu-26, Samakhusi, Tel: 4970151 | 4951637
Mob. : 9851083549 | 9802355990 | 9818065184
Govt. Lic. No. 1035/072/073

# विकास निर्माणमा अगाडि बढ्दै सुदूरका स्थानीय तह

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, २० फागुन

देशको कुनामा रहेको सुदूरपश्चिमको दार्चुला जिल्लाका स्थानीय तहहरु पछिल्लो समय पूर्वाधार विकासमा जोड दिन थालेका छन् । महाकाली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नर सिंह बडाल पछिल्लो समय नगरपालिकमा सडक र खानेपानीका योजानाहरु बढी माग हुने गरेको बताउँछन् । यस्तै पूर्वाधारका योजनाहरु नै बढी माग हुने गरेको उनको भनाइ छ। यस्तै अधिकृत बडाल युवा स्वरोजगारीका लागि नगरपालिकामा प्रधानमन्त्री रोजगार योजनाहरु लागु गरेको बताउँछन् । उनले नगरप्रमुख रोजगार कार्यक्रम पनि पालिकाले लागु गरेको बताए । डडेल्धुराकै भागेश्वर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकतृ खगेन्द्र भारती पछिल्लो समयमा स्थानीय सरकार आएपछि जनताका अपेक्षाहरु बढ्दो क्रममा रहेको बताउँछन् ।

पालिकामा सडक तथा खानेपानीका योजनाहरु माग बढी हुने गरेको उनको भनाइ छ।

पछिल्लो समयमा व्यक्तिवादी योजनाहरु बढी माग हुने गरेता पनि सामाजिक योजनाहरुमा जोड दिएको उनले बताए।

यस्तै शिक्षा, स्वास्थ्यका योजनाहरुलाई दोस्रो प्राथमिकतामा राखेर काम गरिरहेको उनले बताए । उनले भने, ‘पर्यकीय क्षेत्रहरुको पूर्वाधारमा पनि हामीले जोड दिएका छौं । कृषिलाई हामीले पर्यटन जोडेर योजनाहरु निमार्ण गर्ने गरेका छौं ।’पछिल्लो समयमा केही नागरिकहरुले व्यक्ति निकटका योजनाहरु ल्याउने गरेको उनले बताए । जसले कर्मचारी र जनप्रतिनिधिबीच केही तिक्तता आएको उनले बताए। तर भागेश्वर गाउँपालिकाले बेला-बेलामा बैठक सञ्चालन गर्ने गरेको र यो तिक्तता न्यून मात्रामा रहेको उनको भनाइ छ।

यस्तै योजना सम्झौता वडा स्तरबाटै गर्ने गरेको उनले बताए। उनले भने, ‘यो वडा स्तरमै गर्नु उत्तम लाग्छ । हाम्रो बजेट हेर्दा पनि पूर्वाधारलाई नै जोड दिएको देखिन्छ। यसको लागि वातावरणीय प्रभावका बारमा पनि जानकारी दिने गरेका छौं। हाम्रा धुलाम्मे सडकहरु पनि बाह्रै महिना सञ्चालनमा रहेका छन्। यो हाम्रो उपलब्धी नै हो।’

उनले आफुहरुको काम गराइ सिस्टम नै फरक रहेको बताए । उनले भने, ‘हामीले कार्यशैलीलाई तिव्रता बढाएका छौं । पालिकामा मासिक बैठक बस्ने गरेको छ । जसले गर्दा हामी स्वमूल्याङ्कन प्रदेशमा पहिलो भएका हौं ।’

यस्तै दोगडाकेदार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रविन्द्र धामी स्थानीय



सरकारले प्रवाह गरिरहेको सेवा प्रवाहलाई तीन तहमा बाडेर सेवा प्रवाह गरेको बताउँछन्।

उनले भने, ‘एउटा विकासात्मक सेवा प्रवाह, दोस्रो नियमकारी अनुगमन मुल्याङ्कन र सेवा प्रवाह गरेर पालिकाबाट सेवा प्रवाह गरिरहेका छौं।’ सेवा प्रवाहको हकमा वडा स्तरबाट दिने प्रयास गरेको उनले बताए । योसँगै सूचनाको प्रवाहलाई पनि प्रभावकारी बनाउने उनले बताए। युवा पलायन रोक्नु पालिकाले के कस्ता प्रयास गरेको छ भन्ने प्रश्नमा उनले भने, ‘यो हाम्रो स्थानीय तहको समस्या मात्र नभएर यो देशकै मुख्य समस्याको रुपममा रहेको छ । यसमा कुनै दुई मत छैन् । यसमा हामीले नै सोच्नु पर्दछ । यसमा प्रशासन र राजनीतिक संयन्त्र लागेपछि यस समस्यामा कमी ल्याउनु सकिन्छ।’

उनले योजना माग पनि पछिल्लो समयमा समस्याको विषय रहेको बताए। समाजका लागि भन्दा पनि व्यक्तिवादी योजनाहरु बढी माग हुने गरेको उनको भनाइ । उनले भने, ‘हामीले सामाजिक योजनाहरुलाई प्राथमिकतामा राखेर कार्यान्वयन गरेका छौं।’

दोगडाकेदार गाउँपालिका बैतडीमा सात वटा वडा रहेको छन्। पछिल्लो समयमा पालिकाले सडक विस्तार, शिक्षा र स्वास्थ्यमा जोड दिएको देख्न सकिन्छ।


## भुलसुधार

मिति २०८०/११/२० गते यस दैनिकमा प्रकाशित, युएइमा रोजगार शिर्षक कम्पनीको नाम : Alain Co-operative Society, पूर्व स्वीकृत मितिः २०८०/११/१८, चलानी नं.: ६०२१५८३७, र LT. No.: 300958 को विज्ञापनमा (Mobile No.: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२



## भुलसुधार

मिति २०८०/११/२० गते यस दैनिकमा प्रकाशित, युएइमा रोजगार शिर्षक कम्पनीको नाम : Alain Co-operative Society, पूर्व स्वीकृत मितिः २०८०/११/१८, चलानी नं.: ६०२१५८३७, र LT. No.: 300958 को विज्ञापनमा (Mobile No.: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२


## Gaumukhi Rural Municipality
## Office of Rural Municipal Executive

**Puja, Pyuthan**
**Lumbini Province, Nepal**

### Invitation for Bids (IFB)

**IFB No: 3/GRM/PYU/2080/081**
**Date of publication : 2080/11/21 (4th Mar 2024)**

1. **Gaumukhi Rural Municipality, Office of Rural Municipal Executive** has allocated funds towards the cost of following Project and intends to apply part of the funds to cover eligible payments under the contract for following project: is open to all eligible bidders as per Section V of biding Document.
2. The **Gaumukhi rural Municipality Office, Pyuthan** Invites National Competitive Bids.

| S.N | Contract Identification Number | Name of Work | Estimated Cost (Vat+Ps) | Bid Security Amount (Nrs) | Fee for bid Document (Nrs) | (Bid+Security) validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 8-GRM-PYU-NCB-WORKS-2080/81 | Construction of Narikot Lift Khanepani | 48,00,742.83 | 125000.00 | 3,000.00 | 90/120 Day |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Gaumukhi Rural Municipality, Pyuthan** During office hours and PPMO's Web Site **www.bolpatra.gov.np./egp.**
4 Bidder who chooses to submit their bid electronically Only. Submission of Hard copy bids shall not be entertained.
5. Electronic bids must be submitted to the office through PPMO website **www.bolpatra.gov.np/egp** or before **12 Hours on 2080/12/21.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2080/12/21, 1:00 pm** at the office of **Gaumukhi Rural Municipility Ofice of Rural Municipal Executive, Puja Pyuthan.**
7. Information to deposite the bid security and cost of bidding document in bank.

| Account Holder's name | Bank name and Address. Gaumukhi-5, Thulabesi | Account number | Account number | Rajaswa shirshak No | Office Code No. |
|---|---|---|---|---|---|
| Gaumukhi rural Municipality Office, Puja, Pyuthan | Nepal SBI Bank Gaumukhi Branch. Gaumukhi-5, Thulabesi | 41495241207004 (rajaswa) | 41495241207002 (Dharauti) | 14213 | 8010555504 |

8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Cheif Administrative Officer**

# सामाजिक सञ्जालमार्फत चरित्रहत्या गर्ने व्यक्ति पक्राउ

**काठमाडौं/मस–** सामाजिक संजाल फेसबुकमार्फत नाबालिकाको चरित्रहत्या गरेको अभियोगमा एक व्यक्ति पक्राउ परेका छन्। पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-२६ गोल्खुपाखा बस्ने सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-६ घर भएका २२ वर्षीय सुमन खत्री रहेका छन् । उनले सामाजिक सञ्जाल फेसवुकमा नाबालिकाले पोष्ट गरेका फोटो डाउनलोड गरी विभिन्न फेक आइडी खोली ती आइडीबाट नाबालिकाको फोटो प्रयोग गरी अश्लिल क्याप्सन लेख्नुका साथै नाबालिका तथा उनकी दिदी र साथीहरूलाई अश्लिल तस्विर, भिडियो फेसबुक म्यासेन्जरमा पठाइ दुःख, हैरानीका साथै चरित्र हत्या गरेको प्रहरीले जनाएको छ। पीडितको उजुरीको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले प्रारम्भिक अनुसन्धान तथा प्राविधिक विश्लेषण गर्ने क्रममा सुमनको संलग्नता खुल्न आएपछि उनलाई ठमेलबाट पक्राउ गरेको हो।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL THIQA RESTAURANT COMPANY W.L.L. शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/११/२० चलानी नं.: ६०२१५९०६ LT. No.: 301079

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Crew/ Prepaper | 15 | 15 | सम्बन्धित काममा दक्ष | 125 | ५३,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter/waitress | 38 | 30 | | 125 | ५३,७४४ | | | | | | | |
| 3. | Steward | 15 | 0 | | 95 | ४०,८४५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २८ गते (11 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABiBi International Recruitment Pvt.Ltd.
Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१
E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com



## मलेशियामा रोजगार

BU FARMS SDN BHD, SELANGOR पुन: बिज्ञापन
पुर्व स्विकृति मिति: २०७९।१२।१५ चलानी नं. ६०१९९०३७ LT No. 283591

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 60 पुरुष | काममा दक्ष | 1500 | 41785 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० फागुन २८ र २९ गते (11 & 12 March 2024) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०



## साउदीमा रोजगार

कम्पनी : EXPERTISE CONSTRUCTION COMPANY LIMITED
शहर: Saudi Arabia, Jubali
पूर्व स्वीकृत मितिः २०८०/११/२० चलानी नं.: ६०२१५९०३ LT. No.: 301047

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver Heavy Equpment | 25 | 0 | | 2500 | ८८,२२५ | | | | | | | |
| 3. | Heavy Truck Driver | 25 | 0 | | 1800 | ६३,५२२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २८ गते (11 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | १०,००० कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

WORLD NET RECRUITMENT CONSULTANTS (P) LTD.
Govt. Lic. No. 174/056/057
P.O Box No. 10666, Chandol-04, Kathmandu, Nepal, Tel.: 4529930/4537410
Email: worldnetrecruitment@gmail.com


## Chulachuli Rural Municipality
## Office of the Rural Municipal Executive

**Chulachuli, Ilam**
**Koshi Province**

### Invitation for Online Bids

**Date of Publication: 04 March 2024 (2080/11/21)**

1. Chulachuli Rural Municipality, Office of the Rural Municipal Executive, Chulachuli, Ilam invites online Bids under e-procurement system from eligible bidder for the procurement of following works:

| S.N | Contract Identification Number | Description and Location of Works | Estimated amount without vat and P.S | Bid Security Amount (Nrs) | Cost of Bidding Documents (NRS) | Remarks | Account for Bid purchase | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 13/Chulachuli/080/81 | Up gradation and Maintenance of Kamadhenu South Road Chulachuli-3, Ilam | 23,08,145.93 | 60,000 | 3000 | NCB | Ga-1.1 Rajaswa (revenue) account Account no. 1030060744200030 | 04 April 2024 |

2. For further detail bidders are requested to visit the notice board of Chulachuli Rural Municipality or PPMO’s website https://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**




## सम्पादकीय

# पीडित हेरेर टुंगिनुपर्ने विषय

प्रमुख राजनीतिक दलहरू संक्रमणकालीन न्याय सम्बन्धी विधेयक टुंग्याउन लगभग सहमति नजिक पुगेका छन् । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिमा विचाराधीन 'बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन-२०७१ लाई संशोधन गर्न बनेको बिधेयक' माथि आइतबार छलफल राखिएको थियो । छलफलमा सबैजसो दलका सांसदहरू नाटकीय तरिकाले सहमतिमा पुगे । कुनै अर्को घटना घटनाक्रम विकसित नभए अब लामो समयदेखि अगाडि बढ्न नसकेको संक्रमणकालीन न्याय टुंगोमा पुऱ्याउने बाटो खुल्ने देखिन्छ । यसअघि दलहरूबीच सहमति जुट्न नसक्दा यो विधेयक अगाडि बढ्न सकेको थिएन । विशेषगरी अहिले प्रमुख प्रतिपक्षी भूमिकामा रहेको नेकपा एमालेले लिएको अडानले विधेयक अगाडि बढ्न सकेको थिएन । तर आइतबारको छलफलमा एमालेका सांसदहरूले अडानबाट ओर्लेर सहमतिको विन्दू खोज्ने विकल्प अगाडि सारे । एमालेले दिएको विकल्पमा अरू असहमत देखिएनन् ।

घटनाक्रमले नयाँ रूप नलिए संक्रमणकालीन न्यायलाई टुंग्याउने कोर्स अगाडि बढेको छ । आइतबारकै छलफलमा पनि संसदीय मामिला एवं कानुन मन्त्री धनराज गुरूङले आवश्यक समय लिनुपर्ने भनेपछि पारित हुन रोकिएको छ । एमाले सहमत हुँदा कानुन मन्त्रीले समय लिनु स्वभाविक होइन । तर आवश्यक प्रबन्ध मिलाउनुपर्ने तर्क मन्त्रीले राखेकाले सोमबारलाई छलफल तोकिएको छ । कतिपयले भने यो विधेयकमा एमालेले देखाएको लचकतालाई सत्ता गठबन्धन परिवर्तनसँग समेत जोडेर आशंका गरेको देखिन्छ । यति लामो समय असहमति राखेर नाटकीय शैलीमा विकल्पको बाटो प्रस्ताव गर्ने अवस्थामा एमाले पुग्नुले त्यस्तो शंका स्वभाविक पनि हो । किनकि एमालेले गम्भीर मानव अधिकार उल्लङ्घनका विषयमा माफी दिने व्यवस्था राख्न नसकिने अडान लिदै आएको थियो ।

